

# ऊर्जामा आधारित महिला उद्यमीका सफलताका कथाहरु

ENERGIA INTERNATIONAL NETWORK ON GENDER & SUSTAINABLE ENERGY

Hivos people unlimited

Alternative Energy Promotion Centre (AEPC)

Practical ACTION

ऊर्जामा आधारित महिला उद्यमीका

# सफलताका कथाहरू



| | |
|---|---|
| **प्रकाशक** | ग्रामीण प्रविधि केन्द्र (CRT/N) |
| **सर्वाधिकार** | प्रकाशकमा |
| **प्रकाशन मिति** | मङ्सिर २०७६ |
| **छापिएको प्रति** | ३०० |
| **कथा सङ्कलन तथा सम्पादन** | ग्रामीण प्रविधि केन्द्र (CRT/N) |
| **फोटोहरू** | ग्रामीण प्रविधि केन्द्र (CRT/N) |
| **डिजाईन** | www.growinnova.com |

यो पुस्तिका Gender, Energy and Water Network (GEWNet) को सहयोगमा प्रकाशित गरिएको हो ।

# भूमिका

ग्रामीण प्रविधि केन्द्र (CRT/N) ले विगत ३० वर्षदेखि देशका विभिन्न दुर्गम क्षेत्रहरूमा वातावरणमैत्री उपयुक्त ग्रामीण प्रविधिहरूको प्रवर्द्धन तथा विस्तार मार्फत ग्रामीण क्षेत्रका विपन्न समुदायहरूका स्वास्थ्य तथा आर्थिक र सामाजिक जीवनस्तर अभिवृद्धिका लागि सहयोग पुऱ्याउने उद्देश्यले विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आईरहेको छ । यस संस्थाले सन् २००४ देखि लैङ्गिक तथा सामाजिक विभेद न्यूनिकरणका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई आफ्ना कार्यक्रमहरूमा प्राथमिकताका साथ समावेश गर्दै आईरहेको छ । क्षमता अभिवृद्धि देखि नीतिगत पैरवीसम्म विभिन्न माध्यम मार्फत यस संस्थाले लैङ्गिक समानतामा महत्वपूर्ण तरिकाले भूमिका निर्वाह गर्दै आएको छ ।

त्यसैगरी ग्रामीण प्रविधि केन्द्रले सदैव सबै जनतामा स्वच्छ ऊर्जाको पहुँच पुऱ्याउने लक्ष्य सहित नेपाल सरकारले सन् २०३० सम्ममा नेपालका सबै घरधुरीमा 'खाना पकाउनका लागि सबैलाई स्वच्छ प्रविधि (Clean Cooking Solution for All)' तथा संयुक्त राष्ट्र सङ्घको 'सबैका लागि दिगो ऊर्जा (SE4ALL- 2030) अभियानमा सहयोग पुऱ्याउन यथासक्य प्रयास गर्दै आएको छ ।

हरित तथा समावेशी ऊर्जा कार्यक्रम– Green and Inclusive Energy Programme (Nepal Project) in Nepal, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र (AEPC) को नीतिगत सहयोग एवं ENERGIA/Hivos, the Netherlands को आर्थिक सहयोगमा ग्रामीण प्रविधि केन्द्रको नेतृत्वमा र विभिन्न संस्थाहरू (सामुदायिक विद्युत उपभोक्ता राष्ट्रिय महासङ्घ, नेपाल (NACEUN), नेपाल वातावरण पत्रकार समूह (NEFEJ), घरभित्रको वायु प्रदुषण तथा स्वास्थ्य मञ्च (IAPHF), नवीकरणीय ऊर्जा परिसङ्घ, नेपाल (RECoN) र प्राक्टिकल एक्सन (Practical Action) सँगको सहकार्यमा सञ्चालित कार्यक्रम हो । यस कार्यक्रमले विपन्न, महिला, सिमान्तकृत समुदायको घरायसी तथा उत्पादनमूलक ऊर्जाको आवश्यकता परिपूर्ति गर्न, वित्तिय संस्था, नीजि क्षेत्र तथा अन्य साझेदार संस्थाहरूको सहयोग तथा सहकार्यमा, ऊर्जामा समावेशी प्रणालिको विकास तथा प्रवर्द्धनका लागि पैरवी गर्दै आएको छ ।

हरित तथा समावेशी ऊर्जा कार्यक्रमको मुख्य उद्देश्य– हरित, लैङ्गिक तथा सामाजिक समावेशी तथा जवाफदेही रूपमा स्वच्छ ऊर्जा, प्रवर्द्धन मार्फत सबैलाई ऊर्जामा पहुँच पुऱ्याउनका लागि प्राविधिक तथा वित्तीय सवालहरूलाई सम्बोधन हुने ऊर्जा नीतिहरूको स्थापना गर्न र सबैका लागि दिगो ऊर्जा पहुँच बृद्धि गर्न सहयोग पुऱ्याउने रहेको छ ।

ENERGIA/Hivos कै आर्थिक सहयोगमा सम्पन्न भएका परियोजनाहरू जस्तै ऊर्जामा पहुँच तथा स्थानीय उत्पादनका लागि महिला उद्यम, नेपाल (WEE Nepal) र ऊर्जाद्वारा महिला सशक्तिकरण तथा जीवनस्तर अभिबृद्धि परीयोजना (Energy: Empowering Women Uplifting Lives-Advocacy Project) को उपलब्धीहरूमा आधारित रहेर उद्यमीहरूको सफलताका कथाहरू हरित तथा समावेशी

ऊर्जा कार्यक्रमले सङ्कलन गरी सफलताका कथाको सङ्गालोका रूपमा प्रकाशन गर्ने प्रयास गरेको छ । ग्रामीण प्रविधि केन्द्रले WEE Nepal कार्यक्रम ENERGIA को आर्थिक सहयोगमा NACEUN र Practical Action Consulting (PAC) को सहकार्यमा सञ्चालन गरेको थियो । यस प्रकाशनमा कार्यक्रमका लाभग्राही महिला उद्यमीहरूले भोगेका अप्ठ्याराहरू, चुनौतीहरू, सफलताका तत्वहरू, सल्लाह तथा सुझावहरू र भनाईहरूलाई प्रस्तुत गरिएको छ । हरित तथा समावेशी ऊर्जा कार्यक्रमले तयार गरेको यी सफलताका कथाहरू प्रकाशन गर्न पाउँदा मलाई निकैनै खुसी महशुस भएको छ । मलाई विश्वास छ की यस पुस्तिकाले ऊर्जा क्षेत्रमा लैङ्गिकताका विषयहरूलाई एकीकृत गर्नका लागि वस्तुस्थिती र आवश्यकताहरू बुझ्नको लागि सहयोग पुग्नेछ । साथै ऊर्जाका कार्यक्रमहरूमा लैङ्गिक तथा सामाजिक समावेशिता संलग्न गर्न पाठक वर्गहरूलाई प्रेरित गर्ने छ ।

ग्रामीण प्रविधि केन्द्रको तर्फबाट यस पुस्तिकालाई तयार गर्न सहयोग गर्ने सम्पूर्ण– ENERGIA/Hivos, AEPC, NACEUN, RECoN, IAPHF, Practical Action, Practical Action Consulting, स्थानीय सरकार, स्थानीय संस्थाहरू, सम्पूर्ण स्थानीय समुदायलाई धन्यवाद दिन चाहन्छु ।

**गणेश राम श्रेष्ठ**
कार्यकारी निर्देशक
ग्रामीण प्रविधि केन्द्र



# सरोकारवाला निकायहरूको सहकार्यमा सुधारिएको चुलो विस्तार

उदयपुर जिल्लाको कटारी नगरपालिका वडा नं. ४ मा अवस्थित माझी टोल, एउटा सानो गाउँ हो । विपन्न समुदाय हो । परम्परागत रूपमा यिनीहरूले मौसमी व्यवसायको रूपमा खोलामा माछा मार्ने काम गर्दै आइरहेका छन् । यसले नेपालको आर्थिक रूपमा पछाडी परेका तथा खाना पकाउनका लागि स्वच्छ साधनहरूका पहुँचमा अभाव रहेका विभिन्न समूहरूको प्रतिनिधित्व गर्दछ । यस्तो परिवेशमा, खाना पकाउन आवश्यक स्वच्छ ऊर्जा समाधानहरूमा विपन्न सबै घरधुरीहरूको पहुँचमा सुनिश्चितताको लागि समुदाय, सरकारी तथा गैरसरकारी निकायहरू बिचको यो सहकार्य सफल र आफैमा एउटा उदाहरण बनेको छ ।

## माँझी गाउँमा ऊर्जाको पहुँचको अवस्था

खाना पकाउनका लागि गाउँघरमा दाउरा नै प्रमुख ईन्धनको रूपमा प्रयोग हुने गर्दछ । यद्यपी यहाँका सबै घरधुरीहरू सामुदायिक ग्रामीण विद्युत उपभोक्ता समूहको सहयोगद्वारा राष्ट्रिय विद्युत प्रसारण लाईनमा पहुँच पुगेको छ । तर कुनै पनि घरधुरीहरूले पकाउने प्रयोजनका लागि विद्युत वा एल.पी.जी. ग्याँसको प्रयोग गर्ने गरेका छैनन् । विस्तारित विद्युत ऊर्जाको उपयोग उत्पादनमूलक परिप्रयोगको रूपमा लगभग शुन्य रहेको छ । ऊर्जाको उपयोग खास गरी दैनिक खाना पकाउने, घरायसी प्रयोगका लागि जाँड/रक्सी बनाउने र गाईवस्तुको लागि कुँडो पकाउनका लागि गर्दछन् ।

## कार्यान्वयन प्रक्रिया

यो गाउँमा सुधारिएको चुलो कार्यक्रमको कार्यान्वयन जिल्ला विकास समिति, सामुदायिक ग्रामीण विद्युत उपभोक्ता समिती (CREE) र ऊर्जामा पहुँच तथा स्थानीय उत्पादनका लागि महिला उद्यम प्रवर्द्धन (WEE-Nepal) कार्यक्रमको संयुक्त सहकार्यमा कार्यान्वयन गरिएको थियो । WEE-Nepal

ले यो कार्यक्रमको योजना तर्जुमा लगायत कार्यान्वयनको हरेक चरणमा नेपाल सरकारको, वातावरण-मैत्री स्थानीय शासन कार्यक्रम (EFLG), जिल्ला विकास समितिको इकाईसँग सहकार्य गरेको थियो । WEE-Nepal ले मुख्य सरोकारवाला निकायहरूलाई सुधारिएको चुलोको महत्वका बारेमा संवेदनशिल बनाउन तथा सुधारिएको चुलोको माग र आपूर्तिको प्रक्रियामा आवश्यक महिला उद्यमीहरूको सीप विकास गर्ने कार्यमा सहयोग गरेको थियो ।

WEE-Nepal अन्तर्गत सुधारिएको चुलो कार्यक्रम कार्यान्वयनका लागि माझी गाउँ जस्ता कार्यक्षेत्र छनौंट पछि तालिम प्राप्त सुधारिएको चुलो महिला उद्यमीहरू तयार पार्न सामुदायिक ग्रामीण विद्युत उपभोक्ता समूहले WEE-Nepal सँग सहकार्य गरेको थियो । सामुदायिक ग्रामीण विद्यूतिकरण समूहले तालिम प्राप्त महिला उद्यमीहरूको परिचालन गरी माँझी गाउँमा चुलो जडानको माग सृजना गर्नमा महत्वपूर्ण भूमिका खेलेको थियो । यसका अतिरिक्त सामुदायिक ग्रामीण विद्युत उपभोक्ता समूहले चुलो जडानका लागि, EFLG कार्यक्रम भित्र नगरपालिका मार्फत आर्थिक सहयोग जुटाउनका लागि पक्षपोषणमा सहयोग पुऱ्याएको थियो ।

WEE-Nepal ले सुधारिएको चुलो कार्यक्रममा प्राविधिक सहयोग पुऱ्याउने र सामाजिक परिचालनको निरिक्षण/सहयोग गर्ने काम गरेको थियो । यसका साथै WEE-Nepal माँझी गाउँको सबै घरधुरीहरूको सुधारिएको चुलोमा पहुँच पुऱ्याउनका लागि पैरवी र पक्षपोषण गर्ने कार्यमा संलग्न रहेको थियो । WEE-Nepal ले स्थानीय सामुदायिक ग्रामीण विद्युतिकरण समूह र राष्ट्रिय सप्लायर्स बिचको सम्पर्क सहजीकरणमा पनि योगदान पुऱ्याएको थियो ।

EFLG को आर्थिक सहयोगमा नगरपालिकाले अनुदान परिचालन गर्ने गरी WEE-Nepal को सहयोगमा सामुदायिक ग्रामीण विद्युत्तिकरण समूहले 'चुलो मास्टर' तालिमका लागि सम्भावित उद्यमीहरूको छनौंट गरेको थियो । नगरपालिकाबाट दिईने अनुदानको सवालमा सामुदायिक विद्युत्तिकरण समूहले EFLG कार्यक्रमबाट बजेट विनियोजनका लागि निरन्तर पक्षपोषण गर्नुपर्ने कुरालाई स्वीकार्ने गर्दछ ।

चुलो कार्यक्रमको कार्यान्वयन बजारीकरण अवधारणामा गरिएको छ, जसमा उपभोक्ता आफूले पनि चुलो खरिदको लागि लगानी गर्नुपर्ने हुन्छ । यो अवधारणामा प्रत्येक घरधुरीले प्रति चुलो रू. १,५००/- तिर्नुपर्छ । चुलोको जम्मा लागत मूल्य रू. २,०००/- भएता पनि ज्वलनकक्ष खरिदका लागि नगरपालिकाले रू. ५००/- बराबरको अनुदान

***के हो सुधारिएको रकेट चुलो?***

सुधारिएको रकेट चुलो स्थानीय रूपमा उपलब्ध हुने गोबर, माटो, भुस मिसाएर बनाएको नपाकेको काँचो ईट्टा, केही फलामका भागहरु (ज्वलन कक्ष, दाउरा हाल्ने मुख तथा भार वहन सहितको भाँडो बसाउने मुख) आदिलाई जोडेर बनाईन्छ। यो हाम्रो परिवेश र प्रायः पकाईने खानाको परिकार अनुसार सुधार गरी तयार पारिएको डिजाईन हो। यसको कार्यदक्षता मापदण्ड २५% वा भन्दा माथि रहेको छ।

उपलब्ध गराएको थियो । यहाँ जनजागरण र प्रत्येक घरमा चुलो अवलम्वनका लागि प्रोत्साहित गर्ने भूमिकाको लागि स्थानीय नेताहरूको समय तथा महत्वपूर्ण योगदानको कदर गर्नु आवश्यक छ ।

## चुलो प्रति उपभोक्ताहरूका अवधारणा

दिलकुमारी मगर पाँचजनाको परिवार सहित माँझी टोलमा बसोवास गर्नुहुन्छ । उहाँले केही महिना अघिदेखि सुधारिएको रकेट चुलोको प्रयोग गर्दै आउनु भएको छ । उक्त चुलो महिला उद्यमी मीना कोईरालाले जडान गरिदिनु भएको हो । जसले WEE-Nepal ले प्रदान गरेको सुधारिएको चुलो बनाउने तालिम लिनु भएको छ । दिलकुमारीले आफूसँग भएको पुरानो चुलो भत्काई हटाउएर हाल सोही रकेट चुलो नियमित रूपमा चलाउँदै आउनु भएको छ । हाल घरमा पाक्ने सबै प्रकारका खानेकुराहरू सोही चुलोमा नै पाक्ने गरेको वहाँले बताउनु भयो । उहाँको अनुभवमा, सुधारिएको चुलोमा दाउरा खपत कम हुनाका साथै खाना छिटो पाक्छ र पुरानो चुलोमा भन्दा कम मात्रामा धुवाँको उत्सर्जन हुन्छ । उहाँको भनाईसँगै सहमति जनाउँदै माँझी टोल निवासी बेलकुमारी मगर थप्नुहुन्छ,"परम्परागत चुलोको तुलनामा, रकेट चुलोले धुवाँ उत्सर्जन घटाएको छ । मलाई आवश्यक सबै खानेकुराहरू जाँड रक्सी सहित सुधारिएको चुलोमा नै पकाउने गरेकी छु ।"

दिलकुमारी जस्तै सोही टोलमा बस्ने बेल कुमारी मगरले पनि आफ्नो भान्सामा सुधारिएको चुलो जडान गरी लगातार प्रयोगमा ल्याउनु भएको छ । सुधारिएको चुलो प्रयोग गर्ने यी दुई प्रतिनिधि पात्रहरूले चुलोको कार्यदक्षता प्रति सन्तुष्ट रहेको अभिव्यक्ति दिएका छन् ।

चुलोसँग सम्बन्धित सूचना पाउने वा लिने हकमा, केहीले यस बारेमा अध्ययन गरेको र केहीले अरू प्रयोगकर्ताहरूबाट सुनेर जानकारी पाएको र बाँकीले यसका लागि नगरपालिकाका प्रतिनिधिहरूलाई यसको श्रेय दिएका छन् । धरैले यसको श्रेय सामुदायिक ग्रामीण विद्युत उपभोक्ता समूह (CREE) का फिल्ड कर्मचारी मीना कोईराला लगायत WEE-Nepal आयोजना अन्तर्गत तालिम प्राप्त महिला उद्यमीहरूलाई दिएका छन् ।

## चुलो प्रति समुदायका पुरूष सदस्यहरूका अवधारणा

गणेशबहादुर सुनुवार माँझी टोल समूहको अगुवा हुनुहुन्छ । उहाँले नयाँ प्रविधि अपनाउनका लागि समूहका सबै सदस्यहरूलाई अभिप्रेरित गर्न महत्वपूर्ण भूमिका खेल्दै आउनु भएको छ । गणेशबहादुर भन्नुहुन्छ,"यसभन्दा पहिला माँझी टोलवासीहरू परम्परागत तीन ढुङ्गे चुलोको प्रयोग गदर्थे । जसका कारण धेरै धुवाँ निस्कने र आँखामा विभिन्न असरहरू (पोल्ने, आँसु आउने, रिङ्गटा लाग्ने) देखिन्थ्यो । अहिले सुधारिएको चुलो जडान गरेपछि हाम्रो भान्सामा धुवाँको उत्सर्जन कम भएको छ । यसका साथै सुरक्षाका हिसावले पनि राम्रो भएको छ भने खासगरी भान्साको सरसफाईमा सुधार आएको छ । परम्परागत चुलोमा आगोको ज्वाला तथा कोईला सजिलै अगेना बाहिर छरिने र सधैं पोल्ने वा डामिने सम्भावना हुनाले असुरक्षित थियो । यो चुलोमा दाउराको खपत पनि कम भएको महसुस

गरेका छौं । पहिला परम्परागत चुलोमा खाना पकाउनका लागि एक भारी (लगभग ३५ के.जी.) दाउराले दुईदेखि तीन दिन पुग्थ्यो भने अहिले सुधारिएको चुलोमा त्यति नै दाउराले लगभग छ दिनसम्म पुग्छ ।"

गणेशबहादुर, सुधारिएको चुलो प्रयोग पछिको आफ्नो अनुभव यसरी सुनाउनु हुन्छ,"शुरूमा सुधारिएको चुलो तात्नलाई अलि बढि समय लाग्ने रहेछ । सुधारिएको चुलो बाली सकेपछि आफूले पकाउन चाहेको परिकारहरू एकपछि अर्को शुरू गर्न समय खेर नफाली लगातार रूपमा पकाएको खण्डमा परम्परागत चुलोको तुलनामा दाउरा कम लाग्छ र यसमा विभिन्न प्रकारका खानाहरू पकाउन सकिन्छ । परम्परागत चुलोका तुलनामा यो चुलो सेलाउन पनि बढि समय लाग्छ ।"

परम्परागत चुलोको तुलनामा सुधारिएको चुलोको कार्यदक्षता माथि महिला तथा पुरूषहरूको अवधारणा भिन्न-भिन्न पाईएको भएता पनि सुधारिएको चुलोमा समयको वचत हुने र धुवाँ उत्सर्जनमा कमी आउने कुरामा सबै सहमत देखिन्छन् ।

अर्का स्थानीयवासी रामकुमार बुर्जा मगर भन्नुहुन्छ,"यो चुलोमा एकपटक आगो सल्कीसके पछि दाउरा थप्ने बाहेक थप अरू केही गर्नुपर्दैन; भने परम्परागत चुलोमा आगो बाली राख्न एकजनाले लगातार फुकी राख्नु पर्थ्यो ।"

त्यसै गरी नरबहादुर माँझी भन्नुहुन्छ,"शुरूमा आयोजनाका बारेमा जब गाउँमा जानकारी गराईयो, म सुधारिएको चुलो प्रति पूर्ण रूपमा विश्वस्त थिईन । तर समयसँगै यसबारे मेरो चाहाना र जिज्ञासा पनि बढ्दै थियो । गाउँका सुधारिएको चुलो प्रयोगकर्ताहरूको प्रयोग पछिको राम्रा अनुभवहरू पनि सुनिरहेको थिएं । चुलो जडान गर्नाका लागि प्रत्येक घरले १,५०० रूपैया तिर्नुपर्थ्यो तर म सुधारिएको चुलोको लागि त्यति रकम तिर्न इच्छुक थिईन । तर समाज र सामाजिक दवावको अगाडि मेरो केही लागेन । अन्ततः मैले पनि चुलो किने । जब सो सुधारिएको चुलो प्रयोग गर्न थाले, यसबारेमा मेरो विचार नै परिवर्तन भयो ।"

सुधारिएको चुलोमा प्रयोग गरिने दाउराहरू स-साना टुक्रा बनाउनु पर्छ, जबकी परम्परागत चुलोमा ठूला-ठूला दाउरा सबैतिरबाट हालेर चारैतिरबाट आगो दन्काउन सकिन्छ । यद्यपी सुधारिएको चुलोबाट धुवाँ उत्सर्जन कम हुन्छ भने ताप खेर जान पाउँदैन । खासगरी गर्मी मौसमको बेला महिलाहरूका लागि एकदम उपयुक्त र सुरक्षित छ यो चुलो । यो चुलोबाट वरीपरी वा कोठा तताउन नसकिने भएकोले जाडो समयको लागि त्यति उपयोगी देखिँदैन । जाडोको समयमा परम्परागत तीन ढुङ्गे चुलोको वरीपरी परिवारका सबै सदस्यहरू बसेर आगो ताप्न सक्छन् तर अहिलेका सुधारिएको चुलोमा त्यो सम्भावना छैन ।

यसले के स्पष्ट पार्छ भने विपन्न समुदायको पहिचान गरी बजारीकरणको दृष्टिकोणबाट घरायसी वायु प्रदुषण मुक्त गर्नका लागि सरकारी निकाय तथा निजी क्षेत्रलाई एकैसाथ अगाडी ल्याउनका लागि यो आयोजना सफल भएको छ । यद्यपी सुधारिएको चुलोको अवलम्वनलाई नै निष्कर्षमा लिनुभन्दा प्रयोगमा निरन्तरताका लागि थप व्यवस्थित मूल्याङ्कन गर्नुका साथै समुदायको चुलो प्रयोग गर्दाका कठिनाईलाई सहज गर्न दीर्घकालिन अनुगमन हुनुपर्ने देखिन्छ ।




# महिला सशक्तिकरणमा समर्पित
## मीनाकुमारी खड्का

हरेक दिन वहुमूखी भूमिका निर्वाह गर्ने महिलाहरू, समाजको मेरूदण्डका रूपमा रहेको कुरा निर्विवाद छ । यद्यपी परिवार तथा समाजमा उनीहरूले निर्वाह गर्ने वहुमूखी भूमिका अदृष्य रूपमा नै रहेको र संसारका विभिन्न भागमा चर्चाको विषयभन्दा बाहिर रहेको छ । महिला माथि गरिने विभेदपूर्ण असमान व्यवहार, अन्यायले महिलाहरू माथि हुने अत्याचारतर्फ डोऱ्याएको छ र सधैं उनीहरूलाई आर्थिक रूपमा परनिर्भर र विभिन्न सामाजिक कुसंस्कारहरूले कमजोर पार्ने काम गरेको छ । शताब्दीयौंदेखि महिलाहरूले सामाजिक तथा साँस्कृतिक दबाव झेल्दै आइरहेका छन् र जसले उनीहरूको व्यावसायिक तथा व्यक्तिगत विकासलाई सीमित बनाएको छ । यी सामाजिक मान्यता र प्रतिकूलताहरूका बावजुद पनि उदाहरणीय रूपमा महिलाहरू परम्परागत अभ्यास र पृष्ठभूमीबाट माथि उठ्ने आँट गर्नुका साथै पितृसतात्मक समाजमा सबैका लागि उदाहरण बन्ने क्रममा अग्रसर छन् ।

यो उदयपुर जिल्ला, कटारी नगरपालिका वडा नं. ७ बस्ने त्यस्तै एक महिला मीनाकुमारी खड्काको कथा हो । उहाँले सामुदायिक बाल विकास तथा महिला जागरण केन्द्रको व्यवस्थापन गर्दै आउनु भएको छ । यो गैरसरकारी संस्था कटारी नगरपालिका भित्र सामुदायिक ग्रामीण विद्युत उपभोक्ता समिति (CREE) का रूपमा सञ्चालित छ । मीनाको कथा यसकारण पनि उल्लेखनीय छ की, देशभरका २५६ सामुदायिक विद्युत उपभोक्ता समूहहरूमध्ये सामुदायिक बाल विकास तथा महिला जागरण केन्द्र, महिलाहरूले नेतृत्व गरेको एक मात्र सामुदायिक विद्युत उपभोक्ता समूह हो ।

सातजना संस्थापक (५ महिला र २ पुरूष) सदस्यहरू रहेका सामुदायिक बाल विकास तथा महिला जागरण केन्द्रको स्थापना सन् १९९६ मा भएको हो । संस्थाको लक्षित कार्यहरूमा शिक्षा, प्रौढ शिक्षा, सुरक्षित मातृत्व र आयआर्जन

रहेका छन् । सन् २००५ देखि यस गैरसरकारी संस्थाले सामुदायिक विद्युत उपभोक्ता समूहको रूपमा कार्य शुरु गरेको हो । यसले राष्ट्रिय विद्युत प्राधिकरणले शुरूवात तथा सहयोग गरेको ग्रामीण विद्युतिकरण कार्यक्रमको मातहतमा स्थानीय वितरक तथा व्यवस्थापन निकायको रूपमा कार्य गर्दछ । ग्रामीण विद्युत कार्यक्रम कार्यान्वयन अघि नेपाल विद्युत प्राधिकरणले सञ्चालन गरेको व्यवस्थापन तालिम कार्यक्रमका ६० जना पुरूष सहभागीहरूका बिचमा उहाँ एक्लो महिला सहभागी हुनुहुन्थ्यो । उहाँ बताउनुहुन्छ, "नेपालको ऊर्जा क्षेत्रमा विशेषतः पुरूषहरूको बाहुल्यता रहेको छ । शुरू–शुरूमा बैठकमा एक्लै उपस्थित हुनु भनेको डरलाग्दो काम हो जस्तो लाग्थ्यो, जसका लागि मसँग भएका सबै साहस जम्मा गरी लगाउनु पर्थ्यो । वास्तवमा म दुर्गम गाँउबाट आएको हुनाले पनि मेरो लागि यो एउटा महत्वपूर्ण कार्य थियो ।"

हाल सामुदायिक ग्रामीण विद्युत उपभोक्ता समूहको मातहतमा एक हजार एक सय घरधुरीहरू छन् । सो संस्थाले ८०० भन्दा बढि घरधुरीहरूको विद्युत व्यवस्थापन गरिरहेको छ । गरिवीका कारण शुरूकै रकम जम्मा गर्न नसक्नाले सबै घरधुरीहरूलाई समेट्न सकिएको छैन । मीना बताउनुहुन्छ, "त्यो एउटा समय थियो, मेरै छिमेकीले म संलग्न भएको कामलाई अस्वीकार गर्थ्यो । त्यतिवेला म दुःखी भएको थिए । मानिसहरू कसैलाई मेरो बारेमा चासो थिएन । मैले गर्ने कार्य मेरै लागि मात्र हो भन्ने अरूको भान थियो । यहि बाटोमा हिँडेर, आत्मनिर्भर बनी चलिआएको संस्कार र सामाजिक मान्यताहरूका विरूद्ध सङ्घर्ष गर्नु सजिलो पनि थिएन । यद्यपी, अगाडि बढ्दै जाँदा, मैले विभिन्न व्यक्तिहरूका साथ पाउँदै गएँ । जसले मलाई प्रोत्साहित गऱ्यो । यसले मेरो निर्णयको विरोध गर्नेहरूबाट उन्मुक्तिको लागि सहयोग गऱ्यो ।" समुदायमा आज उहाँ एक सम्मानित व्यक्तिका रूपमा चिनिनु हुन्छ । उहाँ विद्युत उपभोक्ता समूहहरूको राष्ट्रिय महासंघ, नेपालको उपाध्यक्ष पनि हुनुहुन्छ । समुदायका थुप्रै घरधुरीहरूमा सुधारिएको चुलो जडान गर्नमा उहाँले पुऱ्याएको योगदानलाई कदर गर्दै उहाँलाई 'चुलो आमा' का उपनामले समेत चिनिने गरेको छ ।

मीनाको दावी छ की, ग्रामीण प्रविधि केन्द्रद्वारा सञ्चालित 'ऊर्जामा पहुँच तथा स्थानीय उत्पादनका लागि महिला उद्यम प्रवर्द्धन (WEE-Nepal) आयोजनाले स्वच्छ ऊर्जामा महिलाहरूको पहुँच बृद्धि गरी महिला सशक्तिकरणका लागि महत्वपूर्ण भूमिका खेलेको छ । तीन वर्ष अघि उहाँ सामुदायिक ग्रामीण विद्युत उपभोक्ता समिती (CREE) का व्यवस्थापकहरूका लागि आयोजना गरेको 'लैङ्गिकता तथा ऊर्जा' विषयक क्षमता अभिवृद्धि कार्यक्रममा सहभागी हुनुभएको थियो । उहाँ सम्भनुहुन्छ, "त्यो कार्यक्रमले मलाई 'लैङ्गिकता तथा ऊर्जा' अर्न्तसम्वन्ध बुझ्नुका साथै महिलाहरूको जीवनस्तर उकास्नका लागि स्वच्छ ऊर्जाको आवश्यकताका बारेमा जानकारी हासिल गर्न सहयोग पुग्यो ।" उहाँको संस्थाले WEE-Nepal आयोजनासँगको सहकार्यमा निम्न क्षेत्रहरूमा कार्य गरेको थियो:

- खाना पकाउनका लागि स्वच्छ समाधानका उपायहरूका बारेमा जनचेतना अभिवृद्धि गर्ने,
- सुधारिएको चुलो क्षेत्रमा महिला उद्यमीहरूको परिचालन गर्ने,
- समय तथा आवश्यकतानुसार सीप अभिवृद्धि गर्ने आदि ।

यस संस्थाले महिलाहरूको विद्युतमा पहुँच वृद्धिमा सुनिश्चितताका लागि संस्थागत नीतिमा समेत संशोधन गरेको छ । संस्थाको नीतिमा परिमार्जन सहित समावेश गरिएका प्रस्तावहरू यसप्रकार रहेका छन्:

» महिला ग्राहकहरूका लागि विशेष प्राविधिक सेवा तथा सहयोगहरू प्रदान गर्ने,
» महिलाहरूका नाममा विद्युत मिटर दर्ता गरिनु पर्ने,
» अन्य विकास क्षेत्रहरूका बारेमा पनि महिलाहरूलाई जानकारी उपलब्ध गराउने र जागृत गर्ने ।

नियमानुसार नागरिकता प्रमाण–पत्र वा जग्गाधनी प्रमाण पूर्जा भएका व्यक्तिहरूले मात्र आफ्नो घरमा विद्युत प्रसारण लाइन विस्तार गर्न पाउँछन् । यहाँ विचार गर्नुपर्ने कुरा के छ भने, यस संस्थाले महिलाहरूलाई सम्भव भएसम्म यस्ता प्रमाण प्राप्तिका लागि सहयोग पुऱ्याई रहेको छ । यो प्रक्रियाका लागि ३०० महिलाहरूलाई सहयोग पुऱ्याई सकेको छ ।

पुरूषहरूले गर्न सक्ने जती महिलाहरूले पनि गर्न सक्छन् भन्ने कुरामा मीना विश्वस्त हुनुहुन्छ । यी क्षेत्रमा अझ बढी महिलाहरूको सहभागितालाई सुनिश्चित गर्न शैक्षिक अवसरहरू, काम गर्ने महिलामैत्री वातावरण सिर्जनामा संस्थाको सर्मपण र सेवा प्रवाह आवश्यकता पहिचानको आधारमा गरिनु पर्दछ ।

मीनाको भनाई अनुसार, उहाँको क्षेत्रमा खाना पकाउनका लागि रकेट चुलो सबैभन्दा राम्रो समाधान मानिएको थियो । तर चलिआएको आनीबानी, संस्कार र अभ्यासका कारण चुलोको प्रवर्द्धनमा चुनौतीका साथै परम्परागत चुलोबाट सुधारिएको चुलो प्रयोगमा बानी परिवर्तनका लागि ढिलाई भैरहेको छ । रकेट चुलोको प्रयोग विस्तारका लागि निम्नलिखित तीन पक्षहरूमा तत्काल ध्यान पुऱ्याउन नितान्त आवश्यक छः

» प्राविधिक रूपमा उपयुक्त हुने गरी चुलोको दाउरा राख्ने मुख बढाउनु पर्ने,
» विपन्न घरधुरीहरूका लागि वित्तिय पहुँच वृद्धि गरी चुलो खरिद गर्न सक्षम बनाउने,
» सबै उपभोक्ताहरूलाई सुसूचित गर्न जनचेतना अभिवृद्धि गर्ने ।

यो संस्थाले, महिलाहरूको विकास र चुलो प्रवर्द्धनको पक्षमा जिल्ला विकास समिती तहबाट बजेट विनियोजनका लागि पक्षपोषण गर्ने कार्य गरिरहेको छ । यस कार्यका लागि मीनाको नेतृत्वमा महिलाहरूको एक सञ्जाल बनेको छ । उनीहरूले महिलाहरूको खाना पकाउने स्वच्छ प्रविधिमा पहुँचका लागि वडा तथा नगरपालिकासँग लगातार समन्वय गरी परामर्श पैरवी गरिरहेको छ ।

मीना कुमारीले नेतृत्व गरेको महिलाहरूको सञ्जालले महिलाहरूको विकासका लागि जिल्ला विकास कोषबाट १८ लाख रूपैंया विनियोजन गराउन सक्षम भएको छ । यो रकम महिलाहरूका अधिकार प्राप्ति, महिला नेतृत्व विकास लगायत सुधारिएको चुलो प्रवर्द्धनका लागि महिलाहरूका प्राविधिक क्षमता विकास तथा अनुदानका लागि खर्च गरिने छ । यो कोषबाट कटारी नगरपालिकाको ११ वटै वडाहरूले लाभ लिईरहेका छन् । सो कोषबाट विगतदेखि सञ्चालन भईरहेको गतिविधिहरू सम्पन्न गर्नमा मीना र उहाँको समूहका सदस्यहरू अग्रसर छन् ।



# पूर्णिमा घलानको कथा

## पहिले र अहिले

| | |
|---|---|
| सन् २००० | नियमित गृहणी |
| सन् २००८ | साना किराना तथा चिया पसलको थालनी (२,००० देखि ५,००० सम्मको लगानी) |
| सन् २०१५ | ग्रामीण प्रविधि केन्द्रको तालिम प्राप्त |
| सन् २०१७ | घरेलुमा व्यवसायको दर्ता |
| सन् २०१८ | WEE-Nepal परियोजनाबाट पुरस्कृत |
| सन् २०१९ | मध्यम स्तरको व्यवसायको थालनी (९०,००० रुपैंया) |
| सन् २०२० | व्यवसायको विस्तार |

## पूर्णिमा घलानको यात्रा

कोन्ज्योसोम गाउँपालिका ३, दलचोकी, ललितपुर निवासी ४० वर्षिया पूर्णिमा घलान चारजनाको परिवार सहित होटल व्यवसाय सञ्चालनमा संलग्न हुनुहुन्छ । होटल शुरू गर्नु अघि उहाँले १० हजार रूपैंया लगानी गरी एउटा सानो स्टेशनरी तथा चिया पसल सञ्चालनमा ल्याउनु भएको थियो जसबाट उहाँ मासिक २ हजारदेखि ५ हजारसम्म नाफा कमाउन सफल हुनुभएको थियो । आर्थिक अवस्था कमजोर भएकै कारण उहाँले साना व्यवसाय सञ्चालनमा ल्याउनु भएको थियो । साँखुबाट बसाइँ सरी आउनु भएका पूर्णिमालाई एक समयमा त्यहाँका अन्य गाउँलेहरूले व्यवसाय बन्द गरी सो ठाउँ छाडेर जान समेत बाध्य बनाएका थिए । तर हाल आएर उहाँको सफलता देखेर तिनै व्यक्तिहरू आश्चर्यचकित भएका छन् । सो क्षेत्रमा सञ्चालित विभिन्न व्यवसायमध्ये

उहाँको व्यवसाय मात्र सफल भएको छ । पहिले सो क्षेत्रमा ५/६ वटा होटलहरू नभएका हैनन । तर अहिले ति सबै होटलहरू भन्दा पूर्णिमाको होटल बढि नाफामा रहेको छ ।

ग्रामीण प्रविधि केन्द्रको ऊर्जामा पहुँच तथा स्थानीय उत्पादनका लागि महिला उद्यम प्रवर्द्धन (WEE-Nepal) नामक परियोजना अन्तर्गत २०७३ साउन महिनामा उद्यमशिलता सम्बन्धी पाँच दिने तालिम प्राप्त गरे पछि पूर्णिमामा उद्यमशिलता विकास सम्बन्धी सोचमा बदलाव आयो । 'शुरुमा मलाई तालिममा जाउँ कि नजाउँ भएको थियो । केको बारेमा हो भन्ने त्यती जानकारी थिएन । तर, अन्ततः मैले तालिममा सहभागी हुने नै निर्णय लिए । तालिममा सहभागी भए पछि मैले उद्यमशिलता, व्यापार, व्यवसाय सम्बन्धी धेरै कुराहरू जान्ने बुझ्ने मौका पाए । तालिम पश्चात् मैले एउटा होटल दर्ता गरे र लगत्तै अस्थायी लेखा नम्बर (पान) पनि लिए । पछि होटलमा साइनबोर्ड पनि राखें । हाल आएर होटलको व्यवस्थित लेखा प्रणाली समेत कार्यान्वयनमा ल्याएको छु । यी सबै कामहरूले मलाई व्यावसायिक रूपमै होटल सञ्चालन गरी ग्राहकहरू आकर्षित गर्न सक्षम बनाएको छ । थोरै लगानीमा पनि मैले सोचेको भन्दा राम्रोसँग व्यवसाय सञ्चालन गर्न सफल भएकी छु । हाल ग्राहकहरू सोध्दै, खोज्दै मेरैमा आउने गरेका छन् । हाल आएर म साह्रै नै व्यस्त हुन थालेको छु । कहिलेकाँही त पारिवारीक भेटघाटमा समेत जान भ्याउदिन ।'



> ***समाजबाटै तिरस्कृत म, आज एउटा सफल उद्यमीका रूपमा चिनिन पाउँदा साह्रै खुशी लागेको छ।***

**पूर्णिमाको सफलतका मुख्य कुराहरू निम्न छन्:**

» चाहना

» लगाव

» अनुशासन

» दृढता

दलचोकी क्षेत्रमा ५% महिलाहरूले मात्र घरेलु निर्णय लिने क्षमता राख्दछन् एवं धेरै कम महिलासँग मात्र जग्गामा स्वामित्व रहेको छ । तर पूर्णिमाको हकमा घरजग्गा मात्र हैन होटल समेत उहाँकै नाममा दर्ता छ । नेपालमा धन, सामाजिक सुरक्षा र शक्तिका रूपमा जमिनको महत्वपूर्ण भूमिका रहन्छ । जग्गामा स्वामित्व हुनुले महिलाहरूको स्तर उकास्न मद्दत पुर्याउनुका साथै निर्णायक क्षमतामा समेत सहयोग पुऱ्याउँदछ ।

## भविष्यको योजना

भविष्यमा उहाँले आफ्नो होटललाई विस्तार गर्ने सोच बनाउनु भएको छ । १५ जनासम्म पाहुनाहरू अट्ने, भुँइतलामा तालिम हल सहित ४ देखि ५ जना कामदारहरूलाई रोजगार दिने लक्ष्य उहाँको रहेको छ ।

> *"व्यक्तिगत रुपमा म आमा समूहमा आवद्ध महिलाहरुलाई आफ्नो क्षमता अनुसारका आफ्नै उद्यमहरु जस्तैः कुखुरापालन, सिलाई कटाई, कृषि आदिमा संलग्न हुन सल्लाह दिन्छु ।"*

### पूर्णिमासँग भएका विद्युतिय उपकरणहरू

» रेफ्रिजेरेटर

» मिक्सचर

» पानी तान्ने पम्प

» पानी उमाल्ने भाँडो



# सानो कामबाट थालनी गरी अघि बढ्दै जानुपर्छ

**शान्ती थोकर**

दलचोकी, ललितपुर निवासी ३३ वर्षिया शान्ती थोकरले तीन कक्षा उत्तिर्ण गर्नुभएको छ । उहाँ आफूले गर्ने हरेक कर्ममा इमान्दार र बफादार हुनुहुन्छ । उहाँ आफ्नै पहलमा केही गर्नुपर्छ भन्नेहरूका लागि र ग्रामीण महिलाहरूका लागि उदाहरणीय समेत हुनुहुन्छ । सफलता हासिल गर्नका लागि उच्च शिक्षा, धेरै लगानी तथा ठूलो उद्योग हुनुपर्छ भन्ने छैन । नियमित लगाव तथा मिहेनतले मानिसलाई सफलतातर्फ डोहोर्याउँदछ भनी प्रमाणित गरेर देखाउनु भएको छ, शान्तीले ।

१८ वर्षको उमेरमा विवाह भएपछि उहाँ आफ्ना श्रीमानको किराना पसलमा व्यस्त हुन थाल्नुभयो । ग्राहकहरूसँग नियमित रूपमा सञ्चार गर्न थालेपछि उहाँको सञ्चार तथा कारोवार गर्ने क्षमताको समेत विकास हुँदै गयो । हाल आएर वहाँ आफै पूर्ण रूपमा सो पसल सञ्चालन गर्न सक्नुहुन्छ । पछि उहाँले भैसीपालन समेत गर्न थाल्नु भयो । भैसी पछि बाख्रा, मौरी तथा लोकल कुखुरापालनमा उहाँ संलग्न हुनुहुन्छ ।

"संसार बदल्नु छ भने शुरूवात साना-साना पाइलाबाटै गर्नुपर्दछ । एकदिन अवश्य सफल भइन्छ । यो विस्तारै हुने प्रक्रिया हो तर यो आनन्ददायी छ ।" शान्ती खुशी हुँदै बताउनु हुन्छ ।

## शान्तीको मासिक आम्दानी (रूपैंयामा)

| | |
|---|---|
| किराना | ५,००० |
| भैंसी | २५,००० |
| मह | १५,००० |
| बाख्रा | ५,००० |
| **जम्मा आम्दानी** | **५०,०००** |

## साना उद्यमीका रूपमा शान्ती

पहिलेदेखि नै शान्तीमा आफ्नै पहलमा केही गरौं भन्ने चाहना थियो । यसले उहाँलाई आफ्ना वरपरका वातावरणलाई अवलोकन गरी सोही वस्तुस्थितिमा अवसरहरू खोज्न हौसायो । शुरूमा एउटा मात्र बाख्रा पालेका शान्तीले यसबाट नै राम्रो व्यवसाय गर्न सकिन्छ भन्ने थाहा पाएपछि व्यवसायिक रूपमा बाख्रापालन शुरू गर्नुभयो । उहाँले पछि २६ वटा बाख्राहरू थप्नु भयो । यसले वहाँको आत्मविश्वास झन् बढायो । उहाँका श्रीमान सिकर्मी काम गर्नुहुन्छ । श्रीमान सो काममा व्यस्त हुँदा शान्तीले पसल समेत सम्हाल्दै आउनु भएको छ । आफ्ना काममा विविधता ल्याउँदै वहाँले पछि भैंसीका साथै मौरीपालन समेत शुरु गर्नुभयो ।

## चुनौतीहरू

शान्तीले शुरुवातका दिनहरूमा आर्थिक अभावहरू झेल्नु पर्यो तर उहाँले स्थानीय सहकारीबाट ऋण प्राप्त गर्नुभयो । हालै वहाँले लिएको ऋण तिरिसक्नु भएको छ । बाख्रापालन गर्ने क्रममा वहाँलाई विभिन्न समस्याहरू आइपरे । पछि ENERGIA/Hivos को आर्थिक सहयोगमा ग्रामीण प्रविधि केन्द्र, नेपालद्वारा सञ्चालित ऊर्जामा पहुँच तथा स्थानीय उत्पादनका लागि महिला उद्यम प्रवर्द्धन (WEE-Nepal) परियोजना मार्फत् अभिमूखीकरण तथा व्यवसाय विकास तालिममा सहभागी भएपछि उहाँले भोगेका समस्याहरू विस्तारै कम हुँदै गयो । उक्त तालिममा सहभागी भएपछि वहाँले लेखा तथा हिसावकिताव राख्नुका साथै पशुपक्षीमा लाग्ने रोगव्याधी नियन्त्रण गर्ने उपायका बारेमा समेत जानकार हुने मौका पाउनु भयो । शान्तीले भोग्नु परेको अर्को मुख्य चुनौती



*“काम भन्ने कुरा सानो, ठूलो नहुने रैछ । सानो कामबाटै शुरु गरी ठूला–ठूला काम गर्न सकिने रैछ ।”*

भनेको सो क्षेत्रमा पानीको अभाव पनि हो । पानीको मुहानसम्म पुग्न एक घण्टा जति लाग्छ ।

## भविष्यका योजनाहरू

“एक असल कृषकका रूपमा म मेरो कृषि उद्यमलाई बढाउँदै लान चाहन्छु र एक असल आमाका रूपमा आफ्ना छोराछोरीहरूलाई गतिलो शिक्षा दिलाउन चाहन्छु ।” उहाँ भन्नुहुन्छ । महिला भएका कारण पनि बालबालिकाको हेरचाह गर्ने जिम्मेवारी उहाँमा बढी छ । असल शिक्षा पाएको खण्डमा उहाँका बालबच्चाहरू पनि असल र अनुशासित हुनेमा वहाँ निश्चिन्त हुनुहुन्छ ।

## शान्तीसँग भएका विद्युतिय उपकरणहरू

» घाँस काट्ने यन्त्र

» पानी मिल

» हिटर

» पानी उमाल्ने भाँडो




# उद्यमशिलता मार्फत आर्थिक सशक्तिकरण

पार्वती श्रेष्ठ

## पृष्ठभूमी

नेपालले पछिल्लो समय लैङ्गिक समानताका लागि महत्वपूर्ण नीतिहरू लागू गरिसकेको छ तर पनि महिलाहरू आर्थिक सशक्तिकरणका अवसरहरूबाट बन्चित हुन बाध्य छन् । नेपालमा अझै पनि पितृसत्तात्मक समाज व्याप्त नै छ । यसो हुँदा नै महिलाहरूमा आर्थिक स्रोतको पहुँचमा सीमितता पाईन्छ । धेरैजसो महिलाहरू अनुत्पादक र ज्याला नपाइने श्रम गर्ने कार्यमा संलग्न हुन बाध्य छन् । नेपालमा घरेलु दिनचर्याहरू जस्तैः खाना पकाउने, ईन्धनजन्य पदार्थ सङ्कलन गर्ने, पानी भर्ने जस्ता कामको जिम्मेवारी महिलाहरूको रहँदै आएको छ । नियमित रूपमा परम्परागत ईन्धनजन्य पदार्थहरूमा भर पर्दै आएका महिलाहरूका स्वास्थ्यमा नकरात्मक असर पर्दै आएको छ । ग्रामीण भेगमा बसोबास गर्ने ६३% जनसङ्ख्या मट्टितेल तथा जैविक ईन्धनमा भर पर्छन् (केन्द्रिय तथ्याङ्क विभाग, सन् २०११) । आर्थिक सम्वृद्धिका लागि महिलाहरूमा आर्थिक सशक्तिकरण हुनु अत्यावश्यक छ, किनकी आधाभन्दा बढी जनसङ्ख्या महिलाहरूकै छ । उद्यमशिलता सम्बन्धी गतिविधिहरूमा महिलाहरूको संलग्नताले श्रमको प्रभावकारी उपयोगिता, आर्थिक उपार्जन, गुणस्तरिय जिवनयापन तथा देशको आर्थिक अवस्था सुधार्न सहयोग पुर्याउँदछ । आधुनिक आर्थिक विकासका लागि उद्यमशिलता मार्फत आर्थिक सशक्तिकरण गरिनु अत्यावश्यक छ ।

'ऊर्जाद्वारा महिलाहरूको जिविकोपार्जन सुधारका लागि पैरवी' परियोजना (Energy: Empowering Women Uplifting Lives-Advocacy Project) तथा 'ऊर्जामा पहुँच तथा

स्थानीय उत्पादनका लागि महिला उद्यम प्रवर्द्धन (WEE-Nepal)' परियोजनाले महिला उद्यमशिलतालाई समर्थन तथा पैरवी गर्ने काम गर्दछ ।

## सुधारिएको चुलो निर्माण कार्यले उकासेको पार्वतीको उद्यमशिलता

प्रदेश नं १, कटारी, उदयपुर निवासी ३४ वर्षिया पार्वती श्रेष्ठ एक सफल महिला उद्यमीका रूपमा परिचित हुनुहुन्छ । उहाँले सुधारिएको चुलोको व्यवसायबाट आफ्नो उद्यमशिलताको यात्रा शुरू गर्नु भएको हो । केही वर्ष पहिले उहाँले एउटा भाडाको घरमा खुद्रा पसल सञ्चालनमा ल्याउनु भएको थियो । उहाँको पसल जिल्लाको बसपार्क भित्र पर्ने भएको हुँदा सो पसलमा ग्राहकहरूको बाक्लै आउजाउ हुने गर्दछ । सो ठाउँमा मानिसहरूको चहलपहल हेरी वहाँले एउटा सानो 'खाजा पसल' समेत शुरुवात गर्नुभयो । ग्राहकहरूलाई चुस्त र प्रभावकारी सेवा प्रदान गर्नका लागि वहाँले पसललाई थप मजवुत बनाउन विभिन्न विद्युतिय उपकरणहरू समेत जोड्नु भएको छ ।

पार्वतीको मासिक आम्दानी ३० हजारदेखि ४० हजारसम्म हुने गरेको वहाँ बताउनु हुन्छ । व्यापारले वहाँको आम्दानीका साथै जोखिमहरूसँग जुध्न सक्ने क्षमताको समेत विकास हुँदै गएको छ । सानोमा विद्यालय जान नपाएका पार्वती आफ्नो छोरीलाई भने राम्रो विद्यालयमा पढाउन चाहनु हुन्छ । वहाँको श्रीमान वैदेशिक रोजगारीका क्रममा विदेशमा भएकाले घरका सबै काम वहाँ आफैले सम्हाल्दै आउनु भएको छ । उहाँका साथीसङ्गी तथा परिवारका अन्य सदस्यहरूले समेत वहाँलाई आवश्यक सहयोग गर्दै आउनु भएको छ । चार वर्ष पहिले उद्यमशिलता विकास सम्बन्धी तालिम प्राप्त गरेपछि वहाँमा व्यवसायको सोच विकास गर्न सहयोग पुगेको हो । तालिमका दौरान वहाँको छोरी दुइ वर्षकी मात्र थिइन् । त्यसैले पनि वहाँ तालिममा सहभागी हुने कि, नहुने भन्ने दोधारमा हुनुहुन्थ्यो । यस्तो अवस्थामा उहाँको आमाले उहाँलाई तालिममा सहभागी हुन हौसाउनु भयो । पार्वतीका अनुसार उहाँको आमा नै उहाँको व्यवसाय थालनी गर्नका लागि मार्गदर्शक हुनुहुन्छ ।

उहाँले स्थानीय मीना कोइरालासँग मिलेर सुधारिएको चुलो सम्बन्धी व्यवसायको थालनी गर्नुभयो । करिव १ लाख २० हजार लगानी गरी थालिएको पसल, पछि व्यक्तिगत कारणले वहाँहरूको सहकार्य टुट्न पुग्यो । वहाँहरूले नगरपालिकाका विभिन्न कार्यक्रमहरूमा सुधारिएको चुलोको प्रचारप्रसार गर्नुभएको थियो । यसले चुलोको माग ह्वात्तै बढ्यो । सुधारिएको चुलोको बजारीकरणका लागि उहाँले तीनजना बजार प्रतिनिधिहरू समेत नियुक्त गर्नुभएको छ । हाल आएर वहाँ दुवै पसलमा व्यस्त हुनुहुन्छ र दुबैबाट उचित आम्दानी समेत हासिल गर्दै आउनु भएको छ ।

पसल थालनीका क्रममा उहाँले छिमेकी विकास बैंकबाट फ्रिज र दराजहरू किन्नका लागि ऋण लिनु भएको थियो । वहाँले लिएको ऋण समयमा नै चुक्ता गर्नसक्छु भन्नेमा उहाँ विश्वस्त हुनुहुन्थ्यो । व्यापार विस्तारका क्रममा थप लगानी चाहिने हुँदा

वहाँले उदयश्री वित्तिय संस्थाबाट पनि एक लाख रूपैंया ऋण लिनु भएको थियो । घरभाडा, छोरीको स्कूलको शुल्क तथा अन्य घरेलु खर्च कटौती गरी उहाँले दैनिक रूपमा चार सय रूपैंया वचत गर्न सफल हुनु भएको छ ।

पार्वती आफू जस्तै अन्य महिलाहरूलाई श्रीमान्को कमाइमा मात्र निर्भर नभई स्वतन्त्र भई आफ्नै उद्यममा लाग्न हौसाउनु हुन्छ । धेरैजसो महिलाहरू घरमा फुर्सदको समय यसै विताउने र श्रीमानको कमाइले नै घरव्यवहार धानेको भनी अन्य आयआर्जन हुने गतिविधिमा संलग्न नहुने गरेको पार्वती बताउनु हुन्छ । तर वहाँलाई लाग्छ की महिलाहरू पनि पुरूषभन्दा कम छैनन् । उहाँ भन्नुहुन्छ,"महिलाहरूको पनि सार्वभौम अधिकार छ र उनीहरूलाई आवश्यक सहयोगको खाँचो पर्दछ । तसर्थ उपलब्ध समयलाई समुचित तरिकाले उपयोग गर्ने तथा उत्पादनमूलक कार्यमा लगाउनमा सबै महिलाहरूले सोच्नु पर्ने बेला आएको छ । महिलाहरू पनि स्वतन्त्र हुनसक्छन् । उनीहरूको क्षमतामा विश्वास गर्ने हो भने, उनीहरू पनि आर्थिक आर्जन गर्नसक्ने गतिविधिमा संलग्न हुन सक्छन् । उनीहरूले चाहेको काममा संलग्न हुनसके भने उनीहरूको क्षमता तथा सीपको समुचित उपयोग हुनसक्छ ।"




# म त जताततै पैंसा देख्छु

## निरु श्रेष्ठ

नेपालको इतिहास केलाउने हो भने महिलाका भूमिकाहरू कालान्तरमा बदलिँदै आएको पाईन्छ । नेपालमा पितृसत्तात्मक समाजको प्रभाव व्यापक रहेको हुँदा महिलाहरू प्राय सहायक वा सहयोगी भूमिकाका मात्र व्यस्त रहेको पाईन्छ । पुरूषहरू भने परिवारका लागि खानाको जोहो गर्ने मुख्य व्यक्तिका रूपमा लिईन्छ । यद्यपि निरू श्रेष्ठको कथा भने बेग्लै छ ।

लैङ्गिक असमानताको दूरीलाई चिर्दै निरूले आफ्ना सपनाहरूलाई पछ्याउँदै परिवारका अन्य कसैले नपाएको सफलता पाउन सफल हुनु भएको छन् । उहाँले वि. सं. २०६२ मा साधारण बत्ति (टुकीमारा) को व्यापार शुरू गर्नुभएको थियो । यसलाई विस्तार गर्दै उहाँले माटोको सुधारिएका चुलोहरू र पछि फलामका सुधारिएका चुलोहरूका व्यापारको थालनी गर्नुभयो । उहाँले २०७४ चैतमा ENERGIA/Hivos, नेदरल्याण्डले प्रदान गर्ने 'ईनर्जिया महिला उद्यमशिलता पुरस्कार–२०१७' प्राप्त गर्न सक्षम हुनुभयो । यो पुरस्कार वहाँले ब्रोकलिन, न्यूवोर्क, अमेरिकामा थाप्नु भएको थियो । यो पुरस्कार पाउनुमा वहाँले सुधारिएको चुलोको क्षेत्रमा प्रदान गर्नुभएको उल्लेखनीय योगदान नै थियो ।

व्यापार, व्यवसायका क्षेत्रमा उहाँ एक सफल उद्यमीका रूपमा त परिचित हुनुहुन्छ नै, वहाँ एक कुशल आमा तथा समाजसेवी समेत हुनुहुन्छ । उहाँको आर्थिक हैसियतका साथै सामाजिक हैसियत समेत उकासिएको छ । विवाह पछि वहाँले सिन्धुलीमा अवस्थित सामुदायिक वन उपभोक्ता समूह र वैकल्पिक ऊर्जा विकास कार्यक्रममा काम गर्नुभयो । पछि ती कामहरूबाट राजिनामा दिई वि.सं. २०६२ मा आफ्नै व्यवसाय थालनी गर्नुभयो । शुरूवातका दिनमा सामान्य बत्तिको व्यापार थाल्नु भएका निरूले सुधारिएको चुलो सम्बन्धी तालिम प्राप्त गरेपछि भने उहाँको व्यवसायमा

बदलाव आयो । उहाँले सिन्धुलीको वातावरण, ऊर्जा तथा जलवायु परिवर्तन शाखासँगको समन्वयमा सुधारिएका चुलोका थोक बिक्रेताका रूपमा व्यापार विस्तार गर्नुभयो । उहाँले ENERGIA/Hivos को आर्थिक सहयोगमा ग्रामीण प्रविधि केन्द्रको ऊर्जामा पहुँच तथा स्थानीय उत्पादनका लागि महिला उद्यम प्रवर्द्धन (WEE-Nepal) कार्यक्रमद्वारा प्रदान गरिएको फलामको सुधारिएको चुलो बनाउने तालिम प्राप्त गर्नुभयो । त्यसपछि पनि उहाँले WEE-Nepal कार्यक्रमबाट नियमित रूपमा सल्लाह तथा मार्गनिर्देश समेत पाउनु भएको थियो ।

निरू श्रेष्ठले अवलम्वन गरेका व्यवसायिक ढाँचा यस्तो छः

» WEE-Nepal कार्यक्रमबाट तालिम प्राप्त व्यक्तिहरूका समूह गठन
» उक्त समूहका सदस्यहरूलाई नै खुद्रा विक्रेता तथा एजेन्टका रूपमा परिचालित
» सिन्धुली जिल्लामा कार्यरत विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, लघुवित्त संस्थाहरू (MFIs), स्थानीय संस्थाहरूसँग समन्वय गरेको
» गाउँ स्तरमा महिला उद्यमी तथा स्थानीय संस्थाहरूसँग नियमित रूपमा अन्तर्क्रिया
» राष्ट्रिय स्तरका थोक विक्रेताहरू (अजम्वरी विकास फाउण्डेसन, जवारी अजभअप फाउण्डेसन, स्मार्ट चैत्य मेटल, मातृभूमी प्रा. लि.) सँग सम्झौता
» जिल्ला वन कार्यालयसँग अर्न्तक्रिया
» व्यवसायमा सिन्धुलीका महिला उद्यमीहरूलाई खुद्रा विक्रेताका रूपमा संलग्न गराउनु
» महिलाले पनि व्यवसायमा नेतृत्व लिई आर्थिक अवस्था सुधार्न सक्छन्, मात्र उनीहरूमा लगाव तथा लगनशिलता चाहिन्छ ।
» यदि तपाई लगनशिल र दृढ हुनुहुन्छ भने महिला भएकै भरमा लैङ्गिक असमानताको दुरीले सफल उद्यमी बन्न तपाइलाई रोक्दैन ।
» आफ्नो व्यापारलाई विविधता दिँदै जानुस्, एउटा मात्र व्यापारमा भर नपर्नुस् ।

“म त जताततै, जेमा पनि पैसा देख्छु । म घरमा किराना पसल चलाउँछु । पसल पछाडीको घरबगैंचामा फलेका तरकारीहरू सोही पसलमा बेच्ने गर्छु । मेरो व्यापार, व्यवसाय यतिमा मात्र सीमित छैन । म गाई, माछा, हाँस तथा कुखुरापालन समेत गर्छु । कुखुराको मासु पनि सोही पसलबाट बेच्दै आएको छु ।” निरू श्रेष्ठ बताउनु हुन्छ ।

निरू श्रेष्ठले आफ्नो दैनिक घरेलु कार्यहरूमा सहयोगी हुने गरी विद्युत, सौर्य ऊर्जा, जैबिक ऊर्जा, एलपीजी ग्याँस तथा सुधारिएको चुल्होहरूको प्रयोग गर्दै आउनु भएको छ । त्यसै गरी घरबगैंचामा सिँचाइ गर्न, गाईवस्तुलाई खुवाउन, माछापालन गरिएको पोखरीमा पानी भर्न सौर्य तथा विद्युतिय ऊर्जाको प्रयोग गरी पानी तान्ने काम गर्दै आउनु भएको छ । आफूले सञ्चालनमा ल्याएका फ्रेस स्टोरमा एलपीजी ग्याँस तथा रेफ्रिजेरेटरको प्रयोग गर्नु भएको छ । व्यापार व्यवसायलाई सही तरिकाले अगाडी बढाउनका लागि ऊर्जाको अत्यावश्यक रहने कुरा निरू बताउनु हुन्छ ।

निरू, वहाँको क्षेत्रको एक सफल उद्यमीका रूपमा अगाडी बढीरहनु भएको छ । उहाँको मिहेनत र उद्यमशिलता क्षमताका कारण पनि वहाँ एक सफल उद्यमीका रूपमा स्थापित हुनुहुन्छ । उहाँ सबै क्षेत्रहरूमा अवसरहरू देख्नु हुन्छ ।

"व्यापारको दृष्टिकोणबाट हेर्ने हो भने, म त सबै क्षेत्रमा पैसा देख्छु । दुर्गम भेगमा समेत व्यापार व्यवसायका अवसरहरू सृजना गर्न सकिन्छ । नेपाल त झन् प्राकृतिक स्रोतहरूमा धनी राष्ट्र हो । हामी नजिकै रहेको वनमा पाइने दाउरा सङ्कलन गरी, पातहरूबाट टपरी गासी बेचेर समेत पैसा कमाउन सक्छौं । गाईवस्तु तथा बाख्राहरूलाई खुवाउन चाहिने घाँस तथा स्याउला समेत हामी वनबाट प्राप्त गर्न सक्छौं । केही भएन भने घाँसै बेचेर पनि त आम्दानी गर्न सकिन्छ ।" निरूले खुशी हुँदै बताउनु हुन्छ ।

आफ्ना छोराछोरीहरूले असल शिक्षादिक्षा पाउन् र उनीहरूको भविष्य उज्वल होस् भन्नाका लागि निरूले शुरूदेखि नै निकै मिहेनत गर्दै आउनु भएको थियो । व्यापार शुरू गर्ने बेलामा आर्थिक अभाव झेलेका निरूले पछि साथीहरूबाट सहयोग पाउनु भयो । सामुदायिक वन तथा स्थानीय गैरसरकारी संस्थाहरूसँग काम गरेको अनुभवले उहाँलाई विभिन्न व्यक्ति तथा संस्थाहरूसँग सञ्जाल विस्तार गर्न सहयोग पुग्यो । हरेक दिन लगभग १२ घण्टा काम गरी मासिक १ लाख ५० हजारसम्म कमाउन उहाँ सफल हुनुभयो । उहाँ आफूमा भएको आत्मविश्वास नै आफ्नो सफलताको कडी रहेको बताउनु हुन्छ ।

"यदि आफूमा दृढ आत्मविश्वास छ भने, महिला भएकै कारण पुरूषहरूभन्दा कुनै पनि अवस्थामा पछाडी पर्नुपर्दैन । अर्को कुरा यदि महिलाहरूमा आर्थिक लगानीको सहज पहुँच भएमा उनीहरूले चाहेको काम गर्नमा सहयोग पुग्दछ । किनकी कैयौं महिलाहरूमा आर्थिक पहुँच नभएकै कारण आफूले चाहेको जस्तो, सोचेको जस्तो काम गर्न सकिरहेका छैनन् । त्यसैले पनि ग्रामीण भेगहरूका महिलाहरूमा वित्तको सहज पहुँच हुने व्यवस्था मिलाउनु आजको आवश्यकता हो ।" निरूले आत्मविश्वासी भावमा बताउनु भयो ।

अमेरिकामा अन्तर्राष्ट्रिय पुरस्कार पाएको क्षणलाई वहाँ आफ्नो जिवनको अविष्मरणीय पलका रूपमा लिनुहुन्छ । पुरस्कार थाप्ने क्रममा उहाँले आफ्ना जिवनमा गरेका हरेक दुःख तथा सङ्घर्षको याद आएको वहाँले बताउनु भयो । हाल आएर वहाँले थालेको उद्यमशिलता नै सिन्धुली जिल्लामा वहाँको पहिचान बनेको छ । हाल वहाँ नेपाल महिला उद्यमी सङ्घ, सिन्धुलीको अध्यक्ष हुनुहुन्छ । साथै विभिन्न सामाजिक संस्थाहरूमा आवद्ध भई आफ्ना सामाजिक कार्यहरूलाई समेत निरन्तरता दिंदै आउनु भएको छ ।

> “ *ऊर्जाको पहुँच विना व्यवसाय गर्न असम्भव जस्तै छ । उद्यमशिलताको समूचित विकासबाट नै संवृद्धि र उत्पादकत्व सम्भव छ । ऊर्जाको सहज पहुँच भएको खण्डमा मात्र उद्यमशिलताको समूचित विकास हुनसक्छ ।* ”



# सुन्नुहोस् मेरो कथा: म कसरी एक सफल उद्यमी भए

## मीना सञ्जेल

"मैले शुरूमा ४० लिटर दुध सङ्कलन गरी दुध डेरीको थालनी गरेकी हुँ । तर हाल आएर हरेक दिन २ हजार लिटरसम्म दुध सङ्कलन हुने आठवटा डेरी सञ्चालनमा ल्याएकी छुँ । एक सफल उद्यमी बन्नका लागि दृढ प्रतिबद्धता तथा लगनशिलताको आवश्यकता पर्दछ । मेरो लागि व्यवसायिक सिद्धान्तहरू भन्दा पनि ईमान्दारिता र विश्वास नै सफलताको सूचक हो जस्तो लाग्छ । त्यसको साथै, उचित लगानी त छँदैछ । तर मेरो सन्दर्भमा लगानी कहिल्यै समस्या भएन ।" मीना सञ्जेल भन्नु हुन्छ ।

दल्चोकी, ललितपुर निवासी ४८ वर्षिया मीना सञ्जेल पहिले परम्परागत तरिकाबाट खुवा बनाउने गर्नु हुन्थ्यो । यसका लागि समय र मिहेनत दुबै धेरै लाग्ने गर्थ्यो । साथै खुवा पकाउन दाउरा समेत धेरै लाग्ने गर्थ्यो । दाउरा सङ्कलन गर्नकै लागि पनि उहाँका श्रीमान् तारान्तार वन धाउनुपर्ने हुन्थ्यो । अन्ततः उहाँले खुवा बनाउने पेसा त्यागी एउटा सानो डेरीको थालनी गर्नुभयो । त्यो बेला उहाँका तीनवटा बच्चाहरू सानै थिए । शुरूका दिनहरूमा वहाँ एक्लैले दुध सङ्कलन गर्ने, तौलिने, चिस्याउने गर्नुहुन्थ्यो । यस बाहेकका दैनिक घरेलु कामकाज त हुन्थे नै । पहिले गाउँमा विजुली बत्ति थिएन । रेफ्रिजेरेटर समेत नभए पछि दुध फाट्ने गर्थ्यो । डेरीसम्म पुग्ने सहज बाटो वा सडक नभएको हुँदा दुध ढुवानी गर्नका लागि श्रमिकहरूलाई ज्यालादारीमा प्रयोग गर्नुपर्ने हुन्थ्यो । लगभग दश वर्षसम्म

## मीनाका उपलब्धीहरू

| उपलब्धीहरू | पहिले | अहिले |
|---|---|---|
| डेरी | एउटा | आठ वटा |
| दैनिक व्यापार | ४० लि. | २,००० लि. |
| मासिक कारोबार | घाटा | ३९ लाख |
| मासिक नाफा | घाटा | २ लाख |
| रोजगारी | ६ | २९ (२३ पुरूष, ६ महिला) |
| विद्युतिय उपकरणहरू | | रेफ्रिजेरेटर, क्रिम छुट्याउने यन्त्र, दुध दुहुने यन्त्र, दुध चिस्याउने यन्त्र<br>Refrigerator, Cream Separator, Milking Machine and Milk Chilling Machine |
| कृषकहरूका लागि भैंसी | २ | २२ |
| परिवारको संलग्नता | २ | ५ |



चलाएको व्यापारबाट उहाँलाई घाटा धेरै भयो । यस्ता चुनौतीहरूका बाबजुद पनि आफ्ना श्रीमान, परिवारका सदस्यहरूको सहयोग र वहाँको अथक मिहेनतले एक वर्षभित्रै एउटा सानो डेरीबाट आठवटा डेरी बनाउन वहाँ सफल हुनुभयो ।

"हामीलाई पैसाको खाँचो पर्दा मेरो श्रीमान् स्थानीय नेताहरूसँग आर्थिक सहयोग माग्न जाने गर्नुहुन्थ्यो । मानिसहरू महिलालाई भन्दा पनि पुरूषलाई बढी विश्वास गर्छन् । हामीले एकजना चिनेको स्थानीय व्यापारीबाट पैसा सापटी लियौं । तर त्यो पैसा समयमै तिर्न नसकेपछि सो व्यापारी आएर हाम्रो दुध सहितको सवारी साधन नै कब्जा गर्नुभयो । यति मात्र नभै सबै दुध सडकमा फाल्दिन्छु भनेर समेत धम्की दिनुभयो । त्यो घटना अझ पनि मेरो मानसपटलमा ताजै छ ।" मीनाले खिन्न हुँदै विगतका कुरा कोट्याउनु भयो । उहाँको व्यापार व्यवसायले नयाँ मोड तब लियो जब उहाँको छोरोले पूर्ण रूपमा आफै डेरीको सवारी साधन हाक्ने र कामदारहरूलाई सम्हाल्ने गर्न थाल्नुभयो । हाल आएर मीनाले डेरीका सम्पूर्ण भित्री व्यवस्थापन सम्हाल्नु हुन्छ भने उहाँका श्रीमान तथा छोराले बाहिरी व्यवस्थापन सम्हाल्दै आउनु भएको छ । धेरैजसो निर्णायक भूमिकामा समेत मीना आफै निर्णय लिनु हुन्छ ।

मीनाले ललितपुरमै एउटा सुन्दर घर बनाउनु भएको छ । साथै, काठमाडौंमा समेत जग्गा

जोड्न वहाँ सफल हुनु भएको छ । भविष्यमा काठमाडौंको जग्गामा अत्याधुनिक डेरी सञ्चालन गर्ने उद्देश्य वहाँको रहेको छ । मीनाले ENERGIA/Hivos को आर्थिक सहयोगमा ग्रामीण प्रविधि केन्द्रद्वारा सञ्चालित ऊर्जामा पहुँच तथा स्थानीय उत्पादनका लागि महिला उद्यम प्रबर्द्धन परियोजनाबाट सीपमूलक तालिम प्राप्त गर्नुभयो । उक्त तालिमबाट उहाँले विद्युत्तिय उपकरणहरूको समुचित उपयोग गर्न सिक्नुका साथै सही तरिकाबाट लेखा व्यवस्थापन राख्ने, व्यापार रणनीतिहरू बनाउन समेत सिक्नु भयो ।

"पहिले डेरी घाटामा जाँदा दुध सङ्कलन गर्ने कृषकहरूलाई समेत पैसा तिर्न हम्मे–हम्मे थियो । धेरै कृषकहरूले विश्वासकै भरमा दुध त्यतिकै उधारोमा छाडेर जानु हुन्थ्यो । त्यस्तो अवस्थामा डेरी बन्द गर्ने सोचमा समेत पुगीसकेको थिए । तर मैले हार नमानी आफ्नो मिहेनतलाई जारी राखें । अन्ततः कृषहरूको रकम तिर्न म सफल भएं । मैले वहाँहरूको विश्वास समेत जितें । उहाँहरूको साथ र विश्वासकै कारण आज म एक सफल उद्यमी बन्न सकेकी छु ।" मीनाले खुशी हुँदै सुनाउनु भयो ।

वहाँ समुदायका एक सफल उद्यमीका रूपमा स्थापित हुनुहुन्छ र आफूजस्तै उद्यमशिलतामा लाग्न चाहने महिलाहरूलाई प्रोत्साहन दिंदै आउनु भएको छ । उहाँको डेरीमा दुधको माग भएपछि धेरै स्थानीय कृषकहरूले समेत भैंसीपालन गर्न थालेका छन् ।



# माटोको सुधारिएको चुलो प्रयोगकर्ताको अनुभव

रचना गुरागाईं

## पृष्ठभूमी

उदयपुरगढी गाउँपालिका, पूर्वी नेपालको प्रदेश नं १ को उदयपुर जिल्लामा अवस्थित छ । सन् २०११ को जनगणना अनुसार यस उदयपुर जिल्लाको कुल जनसङ्ख्या ३,१७,५३२ रहेको छ । जसमा मुख्यतया क्षेत्री, राई, मगरहरूका बाहुल्यता रहेको छ । जसमध्ये साक्षरता प्रतिशतमा पुरूष ६९ र महिला ५३ प्रतिशत रहेका छन् । सोही जनगणना अनुसार उदयपुरगढी गाउँपालिकाको जनसङ्ख्या भने ३०,७३१ रहेको छ । दुर्गम भूगोल, विभाजित बस्ती, शिक्षा, स्वास्थ्य सेवा, सडक, खानेपानी, सञ्चारको अभाव, गरिवी तथा बेरोजगारी यस क्षेत्रका मुख्य समस्याहरू हुन् । हालसम्म यस गाउँपालिकाको ४.८५ प्रतिशत जनतामा राष्ट्रिय प्रशारणको विद्युतको पहुँच पुगेता पनि यस भेगमा पूर्ण रूपमा विद्युत्तिय प्रसारण लाईन पुगेको छैन । यसर्थ यहाँका समुदायलाई सौर्य ऊर्जामा भरपर्नु परेको छ । गाउँपालिकाले सन् २०१८-१९ सम्ममा विद्युत्तिय प्रसारण लाईन पुऱ्याउने तथा स्वच्छ ऊर्जामा समुदायको पहुँच पुऱ्याउने लक्ष्य लिएको थियो ।

**जस अन्तर्गत गाउँपालिकाले निर्धारण गरेका योजनाहरू यसप्रकार छन्ः**

» गाउँका जनताहरूलाई विद्युत उपलब्ध गराउने ।

» गाउँपालिकाका सडकहरूमा सौर्य ऊर्जा प्रयोग गरी उज्यालो बनाउने,

» वातावरणमैत्री प्रविधिहरूको प्रयोग गरी गाउँपालिकाको विकास गर्ने,

» वातावरण तथा वन संरक्षणका लागि कार्यहरू गर्ने ।

## प्रयोगकर्ताहरूको पृष्ठभूमी

रचना गुरागाई (वर्ष ३४), उदयपुरगढी गाउँपालिका, वडा नं ६ मा बस्नु हुन्छ । उहाँ एक शिक्षित गृहणी हुनुहुन्छ । बिवाह अघि स्नातक तहसम्मको अध्ययन पूरा गर्नु भएका रचना हाल सासू, ससुरा र देवर सहितको नौं जनाको संयुक्त परिवारमा बस्दै आउनु भएको छ । परिवारका सबै सदस्यहरूका लागि खाना बनाउने जिम्मा उहाँकै हो । यसका लागि वहाँले गएको दुई वर्षदेखि माटोबाट बनेको सुधारिएको चुलो प्रयोग गर्दै आउनु भएको छ ।

रचनाले सुधारिएको चुलोका बारेमा झापा जाँदा थाहा पाउनु भएको हो । वहाँले त्यहीबाट सुधारिएको चुलो सम्बन्धी पुस्तिका पनि प्राप्त गर्नु भयो । सोही बेलादेखि नै वहाँमा सुधारिएको चुलो बनाउने र प्रयोग गर्ने हुटहुटी बढेर आयो । संयोगवस, वहाँको भेट वहाँकै छिमेकी कमला कुमारी थापासँग भयो । जसले 'ऊर्जामा पहुँच तथा स्थानीय उत्पादनका लागि महिला उद्यम, नेपाल (WEE Nepal) परियोजना' मार्फत सुधारिएको चुलो बनाउने तालिम प्राप्त गर्नु भएको थियो ।

कमला थापाले तालिम पश्चात् दुई सयवटा माटाका सुधारिएको चुलाहरू बनाउन सफल हुनुभयो ।

**सुधारिएको चुलो सम्बन्धी रचनाको अनुभव भने यस्तो छः**

» सुधारिएको चुलोको प्रयोग गर्नाले घरभित्र धुँवा तथा प्रदुषणको कमी भई घर तथा भान्सा सफा देखिन्छ ।

» परम्परागत चुलो भन्दा सुधारिएको चुलोले एक तिहाई मात्र दाउरा प्रयोग गर्ने हुँदा दाउराको खपत कम हुनुका साथै वन संरक्षणमा समेत टेवा पुगेको छ ।

» खाना बनाउँदा बनाउँदै पनि घरका अन्य काममा संलग्न हुन पाईन्छ ।

» जाडो याममा कोइला बालेर आगो ताप्न वा कोठा तताउन समेत प्रयोग गर्न सकिन्छ ।

रचनाका ससुरा, टंकराजा गुरागाइँले समेत सुधारिएको चुलोको महत्वलाई बुझि यसको सराहना गर्दै आउनु भएको छ । यसका वहुआयामिक प्रयोग तथा फाइदा बुझेर नै उहाँले घरमा यस्ता चुलोको प्रयोगलाई समर्थन गर्दै आउनु भएको हो ।

त्यसै गरी, रचनाका सासूलाई पहिले धुँवाले दु:ख दिने गरेको र हाल घरमा सुधारिएको चुलोको प्रयोग हुन थालेपछि भने रचनालाई भान्सामा समेत सहयोग पुर्‍याउँदै आउनु भएको छ ।



> *"यो चुलोलाई राम्रोसँग चलाउने र यसको वहुआयामिक फाइदा बुझ्ने हो भने, यसबाट धेरै फाइदा लिन सकिन्छ ।"*
>
> टंकराजा गुरागाइँ, सुधारिएको चुलो प्रयोगकर्ता (रचनाका ससुरा)

## निष्कर्ष

नेपाल जस्तो विकासोन्मुख देशका अधिकांश जनसङ्ख्या परम्परागत चुलोमा खाना बनाउन वा ताप लिन बाध्य छन् । परम्परागत चुलोमा धेरै दाउरा खपत हुन्छ । घरभित्रबाट निस्कने धुँवा (कार्वनडाईअक्साइड, मिथेन, र अन्य ग्याँस) ले मानव स्वास्थ्यलाई समेत नकारात्मक असर पुर्‍याई रहेको छ । साथै, यसबाट निस्कने धुँवाले जलवायु परिवर्तन हुनमा समेत भूमिका खेलिरहेको छ । यस्तो अवस्थामा सुधारिएको चुलो एउटा राम्रो समाधान हुनसक्दछ । यसले ३०-६० प्रतिशत ईन्धनको खपत घटाउँदछ । यसो हुँदा हरित गृह ग्याँस उत्सर्जनमा कमी आउनुका साथै मानव स्वास्थ्य, जिविकोपार्जन र वनमा समेत सकारात्मक प्रभाव पर्दछ ।

> ***सुधारिएको चुलो प्रयोग गर्न थालेदेखि धुँवाबाट हुने समस्याबाट भने मैले छुट्कारा पाएको छु।***
>
> रचना गुरागाई, सुधारिएको चुलो प्रयोगकर्ता

रचना गुरागाईंले सुधारिएको चुलोको प्रयोग पछि उहाँको जीवनमा आएको सकारात्मक परिवर्तनलाई यस अध्ययनले समेटेको छ । उदयपुरगढी गाउँपालिकाका धेरैजसो मानिसहरूले ईन्धनका रूपमा दाउराको प्रयोग गर्दै आएका छन् । जति धेरै दाउराको प्रयोग भयो, उती नै नजिकको वनजङ्गलको दोहन बढ्ने गर्दछ । यदि सो गाउँपालिकाले सुधारिएको चुलोको प्रवर्द्धन गर्ने हो भने, वनको संरक्षणमा टेवा त पुग्छ नै सो क्षेत्रलाई वातावरणमैत्री क्षेत्रका रूपमा पनि विकास गर्न सकिन्छ ।

त्यस्तै, कमसल रूपमा बनाईएका चुलोले समेत प्रभावकारी परिणाम नदिन सक्छ । त्यसैले यस्ता चुलो बनाउन र स्थापना गर्न जान्ने तालिम प्राप्त दक्ष प्राविधिकको आवश्यकता पर्दछ । तसर्थ, सुधारिएको चुलो बनाउँदा वा स्थापना गर्दा दक्ष प्राविधिकको सहायतामा उनीहरूकै प्रत्यक्ष निगरानीमा बनाउने र चुलोको प्रयोग पछि पनि बेलाबेलामा अनुगमन/मूल्याङ्कन गराउनु पर्दछ ।



# स्वच्छ चुलो प्रवर्द्धनमा तुलशा

यो अध्ययन (Case Study) खोटाङ जिल्ला, डुम्रे धारापानी, देउराली डाँडा निवासी तुलशा घिमिरेसँग गरिएको अर्न्तक्रियाको आधारमा तयार पारिएको हो । उहाँ डुम्रेको स्थानीय महिला समूह तथा सुधारिएको चुलो प्रवर्द्धन समितिको अध्यक्ष समेत हुनुहुन्थ्यो । यस समितिले, ऊर्जामा पहुँच तथा स्थानीय उत्पादनका लागि महिला उद्यम, नेपाल (WEE Nepal) आयोजना भन्दा बाहिर स्वतन्त्र रूपमा गाउँमा सुधारिएको चुलो प्रवर्द्धनका लागि व्यवस्था मिलाएको थियो ।

स्थानीय स्तरमा सञ्चालित सुधारिएको चुलो प्रवर्द्धन समितिले समुदायको घरायसी वायु प्रदुषण मुक्त बनाउने संकल्पलाई साकार पार्न समेत महत्वपूर्ण भूमिका खेलेको थियो । पहिले-पहिले गाउँमा आँखा पोल्ने, टाउको दुख्ने तथा श्वासप्रश्वास सम्बन्धी अन्य स्वास्थ्यमा देखिने समस्याहरूलाई सामान्य रूपमा लिन्थे, यहाँका समुदाय ।

यी समस्याहरूका कारण परम्परागत चुलोले उत्सर्जन गर्ने धुवाँ हो भन्ने कुरामा गाउँलेहरू जानकार थिएनन् । यस्ता समस्याहरूले कालान्तरमा अन्य थप स्वास्थ्य सम्बन्धी समस्याहरू निम्त्याउन सक्ने कुरालाई मध्यनजर गरी यहाँका समुदायले समिति नै बनाएरै गाउँमा सुधारिएको चुलोको प्रवर्द्धन र विकासमा लागि महत्वपूर्ण भूमिका खेलको थियो ।

तुलशा प्रारम्भिक दिनहरूमा WEE Nepal आयोजना अन्तर्गत प्रवर्द्धित चुलोबाट गाउँलेहरूले फाईदा लिन सक्नेछन् भन्ने कुरामा निश्चिन्त थिएनन् । उहाँ प्रष्ट्याउनु हुन्छ,"चुलो पाउनाका लागि आफैले पैसा भुक्तानी गर्नु चुनौतीपूर्ण कुरा थियो । किनभने ग्रामीण क्षेत्रका धेरै मानिसहरू अझै पनि चुलाको लागि विशेषगरी माटोको चुलाको लागि पैसा तिर्ने कुरामा अनभिज्ञ छैन ।" तर लगनशिलताका साथ लागिपरे पछि उहाँहरूले

परिवार तथा अन्य समिति सदस्यहरूबाट आवश्यक सहयोग पाउन थाल्नुभयो । तुलशा लगायत उहाँका नौ सदस्यीय टोलीले गाउँका सबै लक्षित उपभोक्ताहरूलाई सुधारिएका चुलोको फाईदाहरूको बारेमा आश्वस्त बनाउन सफल हुनुभयो ।

उहाँको सङ्गठनले सरकारको 'घरभित्रको वायु प्रदुषण मुक्त अभियान' मा सुधारिएको चुलोलाई समाहित गर्नका लागि विभिन्न तहबाट सहयोग पुगेको छ । तुलशाको भनाई अनुसार, चुलो बनाउने लक्षित घरधुरीले इट्टा बनाउनका लागि आवश्यक दक्ष जनशक्ति तथा चुलो बनाउनका लागि आवश्यक स्थानीय सामाग्रीहरू सङ्कलन गरेर आयोजनालाई सहयोग पुऱ्याएको थियो । गाउँमा चुलो कार्यक्रम सफल बनाउनका लागि विभिन्न अवस्थामा सहयोग पुऱ्याएका गाविस (पुरानो संरचना) सचिव किरण भट्टराई, स्थानीय राजनैतिक पार्टी प्रतिनिधिहरू, सामुदायिक संस्था लगायत चुलो माष्टर रमेश लाई सम्फिनु हुन्छ । स्थानीय तहको समन्वय तथा समझदारीता कायम गर्न, पारदर्शी तवरमा हिसाव-किताव राख्न र जिम्मेवारी बहन गर्न तथा चुलोको लक्षित उपभोक्ताहरूलाई अनुदान प्रदान गर्नमा किरणले खेलको भूमिका उल्लेखनीय रहेको तुलशा बताउनु हुन्छ ।

तुलशा तथा वहाँको समूहले सुधारिएको चुलो प्रवर्द्धन तथा प्रयोगका लागि सम्बन्धित निकायहरू मार्फत लक्षित उपभोक्ताहरू र चुलो माष्टरहरूसम्म सूचना प्रवाहमा निकै सहयोग पुऱ्याउनु भएको थियो । उहाँहरूले गाउँका उपभोक्ताहरूका लागत तयार पार्न र सोको विवरण राख्न सहयोग गर्नु भएको थियो । चुलो माष्टर (निर्माणकर्ता) हरूले चुलो बनाई दिए वापत रू. ७००/- र चुलोको कुल लागत मध्ये रू. ५००/- उपभोक्ताले भुक्तानी गर्नुपर्छ भने अरू बाँकी गाविसले लगानी गरेको थियो ।

तुलशा बताउनु हुन्छ, "स्वच्छ चुलो कार्यक्रमको दिगोपनाका लागि चुलो प्रयोगलाई दिगो बनाउनु प्राथमिक सरोकारको विषय हो ।" वहाँका अनुसार, खुला दिसामुक्त क्षेत्र बनाउनका लागि स्वतस्फूर्त रूपमा गाउँमा एउटा अभियान चलेको थियो । यसमा सबै घरधुरीहरूमा शौचालयहरू निर्माण गरी यो अभियान सम्पन्न भयो । "चुलोको विभिन्न पक्षहरूका बारेमा समस्या समाधानमा सहयोग पुऱ्याउन तथा सुझावहरू सङ्कलन गर्न मेरो समूह नियमित रूपमा चुलो उपभोक्ताहरू कहाँ पुगेर अनुगमन गरिरहेका छन् । जुन उपभोक्ताहरूले हिजोसम्म धुवाँ र भाँडोको चारैतिर आगो दन्काउने गरेका थिए, उनीहरूले सुधारिएको चुलोमा पकाउन असजिलो भयो भन्ने गुनासा गरिरहेका छन् ।" उहाँ र उहाँको समूहका सदस्यहरूले उपभोक्ताहरूलाई धुवाँका कारण उनीहरूको स्वास्थ्यमा लामो अवधिमा पार्ने प्रतिकूल प्रभावहरूको बारेमा सुसूचित गराउँदै आउनु भएको छ । चुलो प्रयोगकर्ताहरूका व्यवहारमा परिवर्तन आएमा र उनीहरूले स्वच्छ चुलाको महत्व बुझेको खण्डमा पक्कै पनि स्वच्छ चुलाको प्रयोग तथा माग बढ्नेमा तुलशा र उहाँका सदस्यहरू विश्वस्त हुनुहुन्छ ।

थप जानकारीका लागिः

**ग्रामीण प्रविधि केन्द्र**

भनिमण्डल, ललितपुर, पो.ब.नं. ३६२५, फोन : ०१ ५५४७६२७, ५५४४७५८

इमेल : info@crtnepal.org, वेबसाइट : www.crtnepal.org